# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७९।१२।२३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।१२।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कमल प्रसाद दाहाल, तेज नारायण चौधरी, हिरा कटुवाल र जानुका आले मगर (वि.अ. को मु.नं. ०७६-CR-०१७६), वि.अ. को फैसला मिति २०७९।०७।२२) | त्रिभुवन विश्वविद्यालयका परीक्षार्थीहरुको उत्तरपुस्तिका साटफेर गरी/गराई परीक्षाको परीणाम फेरबदल गरी भ्रष्टाचार गरेको। | •प्र.कमल प्रसाद दाहालः भ्र.नि. ऐन, २०५९ को दफा १३ को कसुरमा सोही दफा बमोजिम सजाय हुन तथा प्र. तेज नारायण चौधरी, जानुका आले मगर र हिरा कटुवाललाई भ्रष्टाचार निबारण ऐन २०५९ को दफा १३ को कसुरमा सोही दफाको प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन। | **फैसलाः** आरोपदावीबाट सफाई।<br>**विशेष अदालतले सफाई दिंदा लिएका आधारः**<br>•आरोपित प्रतिवादीहरु सवैले अदालतमा आई कसुरमा इन्कार रही वयान गरेको र मौकामा वयान गर्ने प्रतिवादीहरु कमलप्रसाद दहाल र तेजनारायण चौधरी पनि कसुरमा इन्कार नै रहेका,<br>•हस्ताक्षर परीक्षण गर्ने विशेषज्ञले विवादित उत्तरपुस्तिका एउटै व्यक्तिले लेखेको पाइयो भनी बकपत्र गरेको। उक्त लेखाई कसको हो भन्ने कुरा परीक्षण प्रतिवेदनवाट देखिन नआएको,<br>•प्रतिवादीहरु उपर कसुर आरोपित हुनु र कसुर पुष्टि हुनु भिन्न भिन्न अवस्था भएको र प्रतिवादीहरुले आरोपित कसुर गरेको भन्ने कुरा ठोस, भरपर्दो एंवम शंका रहित प्रमाणवाट पुष्टि हुन नआएको हुँदा प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने देखिएन। | • प्रतिवादीहरुले मौकामा र अदालत समक्ष कसुरमा ईन्कार रही वयान गर्दैमा निजहरु निर्दोष रहेको भनी मान्न मिल्ने अवस्था नरहने,<br>• प्रतिवादीहरुले अदालत समक्ष समेत केही तथ्य स्वीकार गरी वयान गरेको,<br>• अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्था र अधिकारप्राप्त अधिकारीसमक्षको आफ्नो कथन ईच्छाविरुद्धको हो भनी लिएको जिकीरलाई विश्वास गर्न सकिने आधार नदेखाइएको अवस्थामा सो कथन प्रमाण शुन्य हुन्छ भन्न नसकिने भनी सिद्धान्त प्रतिपादन भएको,<br>• विशेषज्ञले मौकामा दिएको प्रतिवेदनलाई अदालत समक्ष समेत उपस्थित भै सनाखत गरिदिनुका साथै विवादित उत्तर पुस्तिका आपसमा तुलना गर्दा अक्षरमा हुने गुण र बिशेषताहरु जस्तै Movement, Line quality, Skill, Speed, Spacing, Slant, Relative size, Proportion of letters आदि मिलेको हुनाले एउटै ब्यक्तिले लेखेको पाईयो भनी लेखाईदिएको अवस्था रहेको र उक्त कुरा प्रमाण ऐन,२०३१ को दफा ८ बमोजिम प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको,<br>• विशेषज्ञको राय अन्य प्रमाणबाट समर्थित नभएमा वा विशेषज्ञको दक्षतामा प्रश्न उठी सो सत्य नभएमा वा विशेषज्ञको निष्पक्षतामा सन्देह उत्पन्न भई सो स्थापित भएमा र तिनलाई विश्वास नगर्ने मनासिब आधार भएमा बाहेक विशेषज्ञको रायलाई सीधै अस्वीकार गर्न नसकिने" भनी सिद्धान्त प्रतिपादन भएको। |